*संशोधित मितिः २०७४।२।१८*

# विद्युतीय आमसञ्चार माध्यमहरुलाई वितरण गरिने लोक कल्याणकारी विज्ञापन वितरण सम्वन्धी कार्यविधि, २०७३ (पहिलो संशोधन)

प्रस्तावनाः

जनताको सूचना पाउने हकको सुनिश्चिता प्रदान गर्न जनतासम्म सूचना तथा समाचारहरु पुर्याउने आमसञ्चार माध्यमहरुको दिगो विकासमा टेवा पुर्याउन सरकारले लोक कल्याणकारी विज्ञापनहरु उपलब्ध गराउने नीति लिएको छ । विद्युतीय सञ्चार माध्यमहरुलाई लोक कल्याणकारी विज्ञापन उपलब्ध गराउने कार्यलाई निस्पक्ष, पारदर्शी र ब्यवस्थित गर्न देहाय बमोजिम कार्यविधि बनाई लागु गरिएको छ।

१. **<u>कार्यविधिको नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "विद्युतीय आमसञ्चार माध्यमहरुलाई वितरण गरिने लोक कल्याणकारी विज्ञापन कार्यविधि, २०७३" रहनेछ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **<u>परिभाषा</u>**ः विषय प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(१) “विद्युतीय सञ्चार माध्यम” भन्नाले नियमानुसार दर्ता भई नियमित रुपमा प्रसारणमा रहेका टेलिभिजन, रेडियो, एफ एम र रेडियो समेतलाई वुझाउनेछ ।

(२) “मन्त्रालय” भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्झनुपर्छ ।

(३) “समिति” भन्नाले प्रसारण संपरीक्षण समिति सम्झनुपर्छ ।

(४) "जिल्ला अनुगमन समिति" भन्नाले दफा १६ बमोजिम गठित अनुगमन समिति सम्झनुपर्दछ ।

(५) “लोककल्याणकारी विज्ञापन” भन्नाले सूचना तथा सञ्चार मन्त्रालयले प्रसारण गर्न दिएको चेतनामूलक एवं सूचनामूलक सामग्री संझनुपर्छ ।

३. **प्रसारण संपरिक्षण समितिको गठनः** (१) विद्युतीय सञ्चार माध्यमहरुको लागि समन्वय गर्न र विद्युतीय सञ्चार माध्यमको बर्गीकरण तथा अनुगमन गर्न देहाय वमोजिमको प्रसारण संपरीक्षण समिति रहनेछः-

(क) सहसचिव, सञ्चार महाशाखा, सूचना तथा सञ्चार मन्त्रालय – संयोजक

(ख) प्रेस काउन्सिल नेपाल, प्रतिनिधि – सदस्य

(ग) नेपाल पत्रकार महासंघ, प्रतिनिधि – सदस्य

(घ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, सूचना तथा सञ्चार मन्त्रालय - सदस्य

(ङ) नेपाल मिडिया सोसाइटी, सामुदायिक रेडियो प्रसारक संघ (ACORAB), ब्रोडकाष्टिङ एशोसियसन अफ नेपाल (BAN), रेडियो ब्रोडकाष्टर्स फोरम नेपाल (RBF Nepal) का अध्यक्ष वा निजले तोकेको प्रतिनिधि एक एक जना गरी जम्मा चार जना – सदस्य

(च) शाखा प्रमुख, प्रेस तथा सूचना समन्वय शाखा, सूचना तथा सञ्चार मन्त्रालय – सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्नेछ ।

(४) समितिको सचिवालयको काम प्रेस तथा समन्वय शाखाले गर्नेछ ।

४. **सम्परिक्षण समितिका काम, कर्तव्य र अधिकारहरुः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लोककल्याणकारी विज्ञापनको आवेदन मागको सूचना प्रकाशन तथा प्रशारण गर्ने,

(ख) प्राप्त आवेदनहरु छानविन गरी शर्त पुरा गरेका विद्युत्तीय सञ्चार माध्यमहरुलाई लोककल्याणकारी प्रशारणको लागि कार्यदिश जारी गर्ने,

(ग) लोकल्याणकारी विज्ञापन प्रशारणको अनुगमन गर्ने,

(घ) प्रशारण गरिने लोककल्याणकारी विज्ञापनको छनौट गर्ने, प्रशारण तालिका निर्धारण गर्ने, प्रशारणको समय र रकम निर्धारण गर्ने,

(ङ) विद्युत्तीय सञ्चारमाध्यमको वर्गिकरण सिफारिश गर्ने,

(च) लोककल्याणकारी विज्ञापन निर्माणमा सिफारिश गर्ने।

(छ) समितिले निर्णय गरेका अन्य कामहरु।

५. **सूचना प्रकाशन तथा फारम भर्ने** (१) समितिले लोक कल्याणकारी विज्ञापन वितरणका विद्युतीय आमसञ्चर माध्यामको वर्गिकरण गर्न न्यूनतम ३५ दिनको समयावधि दिई रेडियो तथा टेलिभिजनवाट सूचना प्रसारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रसारण भएको सूचनमा उल्लेखित म्याद भित्र प्रसारण संस्थाहरुले विज्ञापन प्रशारण भाग लिन अनूसूची १ बमोजिमको ढाँचामा फाराम भरी मन्त्रालयमा दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र फर्म बुझाउने म्याद गुज्रेमा दर्ता शुल्कको २५ प्रतिशत विलम्बशुल्क बुझाई थप सात दिन म्याद भित्र दर्ता गर्न सक्नेछ ।

(४) वर्गीकरणमा भाग लिन पेश गर्ने फाराम मन्त्रालयको प्रेस तथा सूचना समन्वय शाखावाट प्राप्त गर्न सकिनेछ । साथै मन्त्रालयको वेबसाइटबाट डाउनलोड गरी फारम प्राप्त गर्न सकिनेछ ।

(५) वर्गीकरणमा सहभागी हुने विद्युतीय आमसञ्चार माध्यमले प्रत्येक वर्षका लागि वर्गीकरणको फारामसाथ देहाय बमोजिमको दर्ता शुल्क बुझाउनु पर्नेछ ।

(क) टेलिभिजनको लागि रु. १०००।–(एक हजार) र

(ख) रेडियो एफ.एम. तर्फ रु. ५००।–(पाँचसय मात्र)

(६) प्रसारण संस्थाहरुले वर्गीकरणको फाराम दर्ता मन्त्रालय वा सूचना तथा सञ्चार मन्त्रालयको संयन्त्रमा नगद तिरेको रसिद संलग्न गरी दर्ता गराउनु पर्नेछ । साथै नेपाल सरकारको राजस्व खातामा रकम जम्मा गरेको भौचर वा मन्त्रालयको नाममा खिचिएको बैक ड्राफ्ट संलग्न गरी कुरियरबाट र भौचर स्क्यान गरी मन्त्रालयको इमेल ठेगानाबाट पनि फर्म भरेर दर्ता गराउन सकिनेछ ।

६. <u>विद्युतीय आमसञ्चार माध्यमहरुको वर्गीकरण र श्रेणी विभाजनः</u> (१) दफा ५ बमोजिम दर्ता भएका र दफा ७ बमोजिमका शर्त पूरा गरेका आम सञ्चार माध्यमहरुको समितिको सिफारिशमा मन्त्रालयले देहाय बमोजिम विद्युत्तीय आमसञ्चार माध्यमहरुको वर्गिकरण र श्रेणी विभाजन गर्नेछः-

(क) विद्युतीय आमसञ्चार माध्यमहरु मध्ये रेडियो एफ.एम. को हकमा वाट क्षमताको आधारमा तीन तहमा वर्गीकरण गरिनेछ ।

(१) २५० वाट सम्म

(२) १००० वाट सम्म

(३) सो भन्दा माथि

(ख) टेलिभिजन प्रसारण संस्थाहरुलाई प्रसारणको प्रविधिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछ ।

(१) स्याटेलाइट टेलिभिजन

(२) टेरिस्टेरियल टेलिभिजन

(२) लोक कल्याणकारी विज्ञापनको लागि वर्गीकृत हुन तथा विज्ञापन प्राप्त गर्न आवश्यक प्रमाण प्रसारण संस्थाहरुले जुटाउन पर्नेछ ।

(३) समितिले स्थानीय प्रशासन, जिल्ला हुलाक, सञ्चार केन्द्र, नेपाल पत्रकार महासंघको स्थानीय शाखा, आदिसँग वुझि (Cross Check) प्रसारणको यथार्थता परीक्षण, निरीक्षण तथा बजार सर्वेक्षण गरी बर्गिकरण तथा विज्ञापन उपलब्ध गराउन सक्नेछ ।

(४) नियमित प्रसारणमा आएको एकवर्ष पुगेपछि मात्र कुनै पनि प्रसारण संस्था लोक कल्याणकारी विज्ञापनको लागि योग्य हुनेछ र आगामी वर्ष विनियोजन हुने लोक कल्याणकारी विज्ञापनको रकम वाँडफाँडमा सहभागी हुन पाउनेछ ।

(६) स्थानीय भाषामा समाचार वा कार्यक्रम उत्पादन तथा प्रसारण गरेको प्रसारण संस्थालाई प्राथमिकता दिईनेछ ।

(७) विद्युतीय सञ्चार माध्यमको प्राविधिक मूल्यांकनका लागि समितिले विशेषज्ञको सहयोग लिन सक्नेछ ।

७. **विद्युतीय आमसञ्चार माध्यमहरुले पालना गर्नुपर्ने शर्तहरुः** आमसञ्चार माध्यमहरुले वर्गिकरणमा समावेश हुन तथा लोक कल्याण्कारी विज्ञापन प्राप्त गर्नको लागि देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछ ।

(क) नेपालको संविधान र प्रचलित कानूनहरुको पालना गरेको,

(ख) प्रत्येक वर्ष नवीकरण भएको,

(ग) कर चुक्ताको प्रमाण पेश गरेको,

(घ) लेखा परीक्षण प्रतिवेदन समावेश गरेको,

(ङ) श्रमजीवि पत्रकार सम्वन्धी ऐन र नियम पालना गरेको,

(च) आचार संहिता पालना गरेको,

(छ) तीस प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रसारण नगरेको,

(ज) टेलिभिजनको हकमा इजाजत अनुसार टेरिस्टेरियल तथा स्याटलाइटवाट प्रसारण भएको,

(झ) ३६५ दिनमा कम्तिमा पनि ३३० दिन नियमित प्रसारण भएको,

(ञ) प्रत्येक दिन कम्तीमा पनि १० घण्टा प्रसारण भएको ,

(ट) विज्ञापनको समय कार्यक्रमको एकतिहाई भन्दा बढी नभएको ,

(ठ) विद्युतीय सञ्चार प्रतिष्ठानका अध्यक्ष वा महाप्रवन्धकले प्रसारणको प्रमाणीकरण गरी संलग्न गर्नुपर्ने भनी उल्लेख गरिएका विवरणहरु अनिवार्य रुपमा फारामसाथ संलग्न गरेको हुनुपर्दछ ।

८. <u>लोक कल्याणकारी विज्ञापनको निर्माण</u>ः (१) समितिको सिफारिशलाई आधारमा मन्त्रालयले लोक कल्याणकारी विज्ञापनको विषयवस्तु निर्धारण गर्नेछ ।

(२) लोक कल्याणकारी विज्ञापनको विषयवस्तु निर्धारण गर्दा सामाजिक साँस्कृतिक विविधतालाई प्राथमिकता दिईनेछ ।

(३) विज्ञापन निर्माणमा एकरुपता कायम गरिनेछ ।

(४) लोक कल्याणकारी विज्ञापन निर्माण सम्बन्धी सबै कार्य मन्त्रालयले गर्नेछ ।

९. <u>लोक कल्याणकारी विज्ञापन प्रसारणको मिति, समय तथा आबृतीः</u> (१) समितिको निर्णयानुसार प्रसारण संस्थाले लोक कल्याणकारी विज्ञापनको लागि विशेष प्राईम, प्राईम तथा साधारण समय छुट्ट्याउनु पर्नेछ ।

(२) प्रसारण संस्थाले लोक कल्याणकारी विज्ञापन वर्गीकरणको आधारमा दैनिक कति पटक, कुन समयमा के प्रसारण गर्ने भन्ने सम्बन्धमा समितिले निर्धारण गरे बमोजिम गर्नुपर्नेछ ।

(३) काठमाडौं उपत्यका र काठमाडौं उपत्यका वाहिरका विद्युतीय सञ्चार माध्यमहरुलाई विज्ञापन सामग्री दिने, प्रसारण विवरण लिने तथा भुक्तानी गर्ने व्यवस्था अलग अलग गर्न सकिनेछ ।

(४) समितिको निर्देशन प्रसारण संस्थाले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(५) मन्त्रालयलाई विज्ञापन प्रसारणको समयको पूर्व जानकारी उपलब्ध गराउनु पर्नेछ ।

(६) समितिको सिफारिस अनुरुप वर्गीकृत भई सकेपछि त्यस्ता प्रसारण संस्थाहरुलाई समितिको निर्णय र निर्देशन बमोजिम प्रेस तथा सूचना समन्वय शाखाले प्रसारण गर्ने विज्ञापन तथा प्रसारणको मिति, समय र आबृति तालिका उपलब्ध गराउनु पर्नेछ ।

(७) प्रसारण सम्वन्धी विवरणलाई मन्त्रालयको वेब साइट मार्फत सार्वजनिक गरिनेछ ।

१०. <u>प्रसारण निरीक्षण व्यवस्था</u>: (१) तोकिए बमोजिम लोककल्याणकारी विज्ञापन प्रशारण भए नभएको सम्बन्धमा मन्त्रालय तथा समितिले अनुगमन निरिक्षण गर्न सक्नेछ।

(२) समितिले जुनसुकै समयमा पनि प्रसारण संस्थाको निरीक्षण गर्न सक्नेछ । निरिक्षणको बखत मागेका कागजपत्र देखाउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(३) कुनै आवेदकले मूल्यांकनलाई प्रभाव पार्ने दृष्टिकोणले फाराममा वास्तविकताभन्दा बढी उल्लेख गरेको कुरा निरीक्षण वा प्रसारणको कार्यालयमा भएका अन्य विवरणबाट थाहा हुनगई प्रमाणित भएमा समितिले लोक कल्याणकारी विज्ञापन सहयोग वढीमा २ वर्षका लागि स्थगित गर्न सक्नेछ ।

(४) आम सञ्चार माध्यमले पत्रकारिता सम्बन्धी आचारसंहिता पालना गरेको छ वा छैन निरिक्षण गर्न सकिनेछ ।

(५) तीन पटकभन्दा बढी आचारसंहिता उल्लङ्घन गरेमा लोक कल्याणकारी विज्ञापनको लागि अयोग्य ठहरिनेछ ।

(६) गाली बेइज्जतीसम्बन्धी मुद्दामा अदालतबाट दोषी प्रमाणित भएमा एक वर्षसम्मका लागि लोक कल्याणकारी विज्ञापन उपलब्ध गराइनेछैन ।

११. <u>वजेट बाँडफाँड प्रक्रिया</u>ः (१) विज्ञापन निर्माण प्रसारण तथा प्रशासनिक (समितिको बैठक भत्ता खाजा, र लोककल्याणकारी विज्ञापन प्रसारणको अनुगमन निरिक्षण गर्दा हुने भ्रमण) खर्च विद्युतीय सञ्चार माध्यमहरुका लागि विनियोजित बजेटवाट देहाय बमोजिम बाँडफाड गरिनेछः-

(क) विज्ञापन निर्माण तथा प्रशासनिक खर्च (अनलाइनसमेत) का लागि ५ प्रतिशत,

(ख) विज्ञापन प्रसारणका लागि ९५ प्रतिशत ।

(२) लोक कल्याणकारी विज्ञापनको सहयोग वितरणको लागि विद्युतीय सञ्चार माध्यमहरुको अभिलेख समितिले तयार गर्नेछ ।

(३) विज्ञापन प्रसारणका लागि छुट्टयाइएको रकम मध्य ३४ प्रतिशत टेलिभिजन र ६६ प्रतिशत रेडियोतर्फ बाँडफाँड गरिनेछ ।

(४) समितिको वैठक वसेको दिन पदाधिकारी तथा आमन्त्रितलाई बैठक भत्ता वापत अर्थ मन्त्रालयलको कार्यसञ्चालन निर्देशिका बमोजिम प्रदान गरिनेछ ।

(५) मन्त्रालयले लोककल्याणकारी विज्ञापन सम्बन्धमा प्रभावकारिता तथा पृष्ठपोषणका सम्बन्धमा देशका विभिन्न भागमा आवश्यकता अनुसार गोष्ठी, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्न सकिनेछ । सो कार्यक्रमका लागि आवश्यक रकम यसै कार्यविधि अनुसार छुट्टटइएको प्रशासनिक खर्चबाट व्यवस्था गर्न सकिनेछ।

(६) प्रसारण संपरिक्षण समितिका सदस्यहरुको अनुगमन भ्रमण प्रयोजनका लागि भ्रणम खर्च तथा यातायात खर्च नेपाल सरकारका राजपत्रांकित द्वितिय श्रेणी सरह हुनेछ।

(७) रेडियो, एफ.एम. रेडियो तथा टेलिभिजनका प्रतिनिधि संस्थाहरुसँग समितिको निर्णय वमोजिम ती संस्थासंग सम्झौता गरी लोक कल्याणकारी विज्ञापनको रकम एकमुष्ट रुपमा प्रदान गर्न सकिनेछ ।

१२. <u>जिल्ला अनुगमन समितिको गठनः</u> (१) लोककल्याणकारी विज्ञापन प्रसारणको प्रमाण काठमाण्डौं उपत्यका बाहेक अन्य जिल्लाहरुको हकमा देहाय अनुसारको जिल्ला अनुगमन समिति गठन गरिनेछ।

(क) कार्यालय प्रमुख, जिल्ला हुलाक कार्यालय – संयोजक

(ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय – सदस्य

(ग) नेपाल पत्रकार महासंघ जिल्ला शाखाका प्रतिनिधि - सदस्य

(२) जिल्ला अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) जिल्ला अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछसः-

(क) लोककल्याणकारी विज्ञापन प्रसारणको अनुमति पाएका आफ्नो जिल्ला भित्रका सञ्चारमाध्यमहरुले तोकिए बमोजिमको विज्ञापन प्रसारण गरे नगरेको अनुगमन निरिक्षण गर्ने।

(ख) जिल्ला भित्रका सञ्चारमाध्यमहरुले लोककल्याणकारी विज्ञापन प्रसारण गरिसकेपछि सो विज्ञापन प्रसारण भएको सिफारिश मन्त्रालयमा पठाउने। जिल्ला अनुगमन समितिले गरेको सिफारिशको आधारमा मन्त्रालयले सम्बन्धित सञ्चार माध्यमहरुलाई विज्ञापन प्रशारण वापतको रकम भुक्तानी गर्नेछ।

१३. <u>विविधः</u> (१) वर्गीकरणमा परेका प्रसारण संस्थाहरुलाई मन्त्रालयवाट प्रमाणपत्र दिइनेछ ।

(२) दुर्गम जिल्लामा नियमित सञ्चालन हुने रेडियो, एफ.एम. रेडियोहरुले अन्यत्र सञ्चालन भएका सोही श्रेणीका एफ.एम. रेडियोहरुले पाएको सुविधाको २५ प्रतिशत थप रकम प्राप्त गर्नेछन् ।

(३) न्यूनतम पारिश्रमिक निर्धारण समीतिको सिफारिसमा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक कार्यान्वयन गरेको हुनुपर्नेछ ।

(४) प्रसारण संस्थाले विज्ञापन प्रसारण भएको प्रमाण सहित आवेदन दिएपछि लोक कल्याणकारी विज्ञापन प्रसारणको रकमको भुक्तानी मन्त्रालयको आर्थिक प्रशासन शाखावाट दिईनेछ ।

१४. <u>वाधा अडकाउ फुकाउनेः</u> कार्यविधि कार्यान्वयन गर्दा केही अप्ठ्यारो पर्न गएमा सूचना तथा सञ्चार मन्त्रालयले वाधा अडकाउ फुकाउन सक्नेछ ।

१५. <u>खारेजी र बचाउः</u> विद्युत्तीय आमसञ्चार माध्यमहरुलाई वितरण गरिने लोककल्याणकारी विज्ञापन वितरणको मापदण्ड निर्देशिका, २०६६ खारेज गरिएको छ। सो निर्देशिका बमोजिम भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।